# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


प.स. : ०७९/०८०
च.नं. :

## प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना !

**(प्रकाशन मिति : २०७९/०८/२० गते)**

चौरजहारी नगरपालिका रुकुम (पश्चिम) को आर्थिक वर्ष २०७९/०८० को स्वीकृत सशर्त कार्यक्रम विद्यालय क्षेत्र विकास कार्यक्रमको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकको बजेट कार्यान्वयनका लागि विद्यालय छनोट गर्नुपर्ने भएकोले यसै सूचनाका साथ संलग्न तपसिलका ढाँचा र आधारहरूमा आधारित भइ गत आर्थिक वर्षमा यस किसिमको अनुदान प्राप्त नगरेका र दोहोरो नपर्ने गरी इच्छुक विद्यालयहरूले आवश्यक र छनोटमा पर्न सक्ने सम्भावित कार्यक्रमहरूको छुट्टाछुट्टै प्रस्तावना तयार गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित मिति २०७९ पुस ६ गतेभित्र गते कार्यालय समयभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुहुन सम्बन्धित विद्यालयहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | कार्यक्रम | कोटा | बजेट |
|---|---|---|---|
| १ | विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत) | १ | ६ लाख ५० हजार |
| २ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६ लाख ५० हजार |
| ३ | उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयहरूलाई सिकाइ सुदृढीकरण कार्यक्रम अनुदान | १ | ६ लाख ५० हजार |
| ४ | तोकिएको सूचाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | ५ | ५० हजारका दरले<br>२ लाख ५० हजार |

२०७९/८/२०
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

प.स. : ०७९/०८०
च.नं. :

## प्राथमिकता, आधारहरू र प्रक्रिया

**१. विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत)**

(क) पुस्तकालय नभएका माध्यमिक विद्यालयहरू।

(ख) गत विगत आ.व. मा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका विद्यालयहरू।

(ग) विद्यार्थी संख्या उच्च रहेका विद्यालयहरू।

(घ) पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कोठा रहेका विद्यालयहरू।

(ङ) स्थानीय तहका सबै माध्यमिक तहले यस प्रकारको एकपटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरूलाई अनुदान उपलब्ध गराउन सकिनेछ।

**२. विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान**

(क) विज्ञान प्रयोगशाला नभएका विद्यालय।

(ख) विद्यार्थी संख्या उच्च रहेको विद्यालय।

(ग) स्थापनाका आधारमा जेष्ठ विद्यालय।

(ङ) स्थानीय तहका सबै माध्यमिक तहले यस प्रकारको एकपटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरूलाई अनुदान उपलब्ध गराउन सकिनेछ।

**३. उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयहरूलाई सिकाइ सुदृढीकरण कार्यक्रम अनुदान**

(क) कक्षा ८, १० र १२ को परीक्षा नतिजा, शिक्षक उपस्थिति, विद्यार्थी संख्या, सिकाइ उपलब्धी, विद्यार्थी कक्षा छाड्ने तथा दोहोऱ्याउने दर र विद्यालय बाहिरका बालबालिकाको संख्यात्मक अवस्था।

(ख) विद्यालय व्यव्यस्थापन समितिको निर्णय।

२०८१/८/२०
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

प.स. : ०७९/०८०
च.नं. :

(ग) आफ्नो विद्यालयको सिकाइ उपलब्धी थप वृद्धि गर्न र न्यून सिकाइ उपलब्धी भएका अन्य विद्यालयहरूको सिकाइ उपलब्धी बढाउन सहयोग गर्ने प्रवर्तनात्मक क्रियाकलाप सहितको कार्ययोजना पेस गर्ने विद्यालय।

(घ) शिक्षा, युवा तथा खेलकुद शाखाबाट तयार गरिएको फारामका आधरमा प्रस्तावना पेस गर्ने विद्यालय।

**४. तोकिएको सूचाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान**

(क) शिक्षा, युवा तथा खेलकुद शाखाबाट तयार पारिएको फारामका आधारमा प्रस्तावना पेस गर्ने विद्यालय।

(ख) विद्यालय व्यवस्थापन समितिको निर्णय।

(ग) विद्यालयमा नै विद्यार्थीहरूलाई दिवा खाजा तयार गरी खुवाउने व्यवस्था गरेका विद्यालय।

(घ) आफ्नो विद्यालयको शैक्षिक गुणस्तरका सुधारका लागि कुन क्षेत्रमा खर्च गर्ने सोको कार्य योजना पेस गर्ने विद्यालय।

**प्रस्तावको ढाँचा**

१. परिचय
२. कार्यक्रमको उद्देश्य
३. विद्यालयको वर्तमान अवस्था
४.कार्यक्रम कार्यान्वयन योजना
५. वित्तीय योजना
६. निष्कर्ष

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत